राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन पाँचौं वार्षिकोत्सव

वर्ष-१५ ।। अङ्क : २४६ ॥ २०८० कार्तिक २४ गते शुक्रबार (10th Nov 2023 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

अब सामाजिक सञ्जाल संचालनमा कडाई गरिने

झापा(प्रस) । मन्त्रिपरिषद्को बिहीबारको बैठकले सामाजिक सञ्जाल संचालन निर्देशिका, २०८० पारित गरेको छ । सामाजिक संजालहरू फेसबुक, एक्स (विगतमा ट्विटर), टिकटक, युट्यूब, इन्स्टाग्रामलगायतमा राखिने सामग्री विकृत भएको भन्दै प्रश्न उठेपछि सरकारले निर्देशिका ल्याएको हो ।

निर्देशिकाले नेपालमा संचालन हुने सामाजिक सञ्जाल दर्ता गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ भने सामाजिक सञ्जाल प्रयोगकर्ताले के गर्न नहुने हो भन्नेबारे १९ बुँदा तयार पारेको छ ।

सरकारले जारी गरेको सामाजिक सञ्जाल संचालन निर्देशिका अनुसार सामाजिक सञ्जाल प्रयोगका क्रममा गर्न नमिल्ने क्रियाकलाप निम्न रहेका छन् :

१. बेनामे वा छद्मभेषी पहिचान (फेक आइडी) सिर्जना गर्न,

२. बेनामे वा छद्मभेषी पहिचान (फेक आइडी) मार्फत विषयवस्तु (कन्टेन्ट) उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु (कन्टेन्ट) सेयर गर्ने वा टिप्पणी (कमेन्ट) व्यक्त गर्न वा कल गर्न,

३. कुनै समुदाय, जातजाति, लिंग, धर्म, उमेर, वर्ण, वर्ग, पेशा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसंख्यक, भाषाभाषी तथा कानुनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने प्रकृतिका अभिव्यक्ति दर्शाउने शब्द, श्रव्य दृश्य, तस्बिर सेयर गर्ने एवम् ट्रोल बनाइ प्रकाशन र प्रसारण गर्न,

४. बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह जस्ता क्रियाकलाप गर्न प्रोत्साहित गर्न,

५. अरूलाइ होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिर, ट्रोल बनाइ घृणायुक्त अभिव्यक्ति, गाली बेइज्जती गर्न, हेट स्पीच वा हेट स्पीच मानिने कार्य गर्न (स्पष्टीकरणः हेट स्पीच भन्नाले पोष्ट, सेयर वा कमेन्ट गरेको विषयले व्यक्ति, समूह वा समुदायमा हिंसा फैलने, सामाजिक सद्भाव बिग्रने जस्ता दुष्परिणाम निस्कन सक्ने खालका आवाज, शब्द, तस्बिर, भिडियोलाई सम्झनुपर्छ)

६. डिजिटल माध्यमको प्रयोगबाट कुनै व्यक्तिको तस्बिर विकृत रुपले परिमार्जन गरी प्रकाशन वा प्रसारण गर्न,

७. सार्वजनिक प्रकृतिका बाहेक निजी मामिलाका फोटो भिडियो अनुमतिबिना खिचेर प्रकाशन र प्रसारण गर्न,

८. अश्लील शब्द, तस्वीर, भिडियो, अडियो एनिमेसन प्रसारण, प्रकाशन, टिप्पणी गर्न,

९. बालबालिकालाई हानी पुऱ्याउने सामग्री तथा बालयौन शोषण, यौन दुर्व्यवहार, देह व्यापार जस्ता निषेधित क्रियाकलापलाई प्रोत्साहन गर्न,

१०. मित्थ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड प्रकाशन वा प्रसारण गर्न,

११. साइबर बुलिङ मानिने कार्य गर्न, (स्पष्टीकरणः साइबर बुलिङ भन्नाले प्रविधिको प्रयोग मार्फत अन्य व्यक्तिलाई हतोत्साहित बनाउने,धम्क्याउने, हैरान पार्ने, गालीगलौच गर्ने, गलत सूचना संप्रेषण गर्ने जस्ता कार्य सम्झनुपर्छ),

१२. लागूऔषध सेवनको प्रोत्साहन तथा कारोबार गर्न, गराउन,

१३. जुवा खेलाउने वा जुवा खेल्न प्रोत्साहन गर्न,

१४. आतंकवादसम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्न,

१५. सामाजिक सञ्जाल प्रयोग गरी कसैको आइडी तथा सूचना ह्याक गर्न,

१६. सामाजिक सञ्जाल प्रयोग गरी फिसिङ, इम्पोस्टर जस्ता कार्य गर्न,

१७. विभत्स तस्बिर, भिडियो कुनै सन्दर्भबिना नै पोस्ट वा सेयर गर्ने,

१८. प्रचलित कानुनले निषेध गरेका वस्तुहरूको विज्ञापन तथा कारोबार गर्न,

१९. प्रचलित कानुनले निषेध गरेका कृयाकलापहरू नक्कल गर्न तथा सेयर गर्न,

प्लेटफर्म सञ्चालकले नेपालमा कार्यालय राख्नुपर्ने

झापा(प्रस)। सरकारले सामाजिक सञ्जाल प्लेटफर्म संचालकलाई नेपालमा कार्यालय राख्न बाध्य पार्ने निर्देशिका ल्याएको छ । जसमा सामाजिक सञ्जाल फेसबुक, एक्स, टिकटक, युट् युबलगायतले नेपालमा सम्पर्क कार्यालय राख्नुपर्ने व्यवस्था गरिएको छ ।

सामाजिक सञ्जाल प्रयोगका क्रममा आएका गुनासोको तत्काल सम्बोधन नभएको र कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताका सामग्री हटाउनुपर्दा अप्ठ्यारो भइरहेको अवस्थामा सरकारले नेपालमा नै सम्पर्क कार्यालय राख्नुपर्ने व्यवस्था गरेको छ । निर्देशिका जारी भएको तीन महिनाभित्र संचालनमा रहेका सामाजिक संजाल सूचीकृत हुनुपर्ने पनि निर्देशिकामा व्यवस्था गरिएको छ । 'निर्देशिका जारी भएको ३ महिनाभित्र नेपालमा कार्यालय नभएका प्लेटफर्म संचालकले नेपालभित्र सम्पर्क बिन्दुको व्यवस्था गर्नुपर्ने । सामाजिक सञ्जालको प्रयोगका क्रममा आएका गुनासाको सम्बोधनको यथोचित व्यवस्था गर्ने,' निर्देशिकामा व्यवस्था गरिएको छ, 'राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक सद् भावविरुद्ध हुने सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउनुपर्ने ।'

पछिल्लो समय सामाजिक सञ्जालबाट विकृति बढ्दै गएको भन्दै आलोचना भइरहेको थियो । सरकारी संयन्त्र र राजनीतिक दल तथा सार्वजनिक क्षेत्रबाट सामाजिक सञ्जालले विकृति बढाएको र सामाजिक सद्भाव खल्बल्याउने गतिविधि सामाजिक संजालबाट बढिरहेको भन्दै नियमन र नियन्त्रणको विधि माग भइरहेको बेला सरकारले निर्देशिका ल्याएको हो ।

सरकारले निर्देशिकामा 'सामाजिक सञ्जाल प्लेटफर्म संचालकको दायित्व' निर्धारण गरेको छ । सामाजिक संजाल प्लेटफर्म संचालक व्यक्ति वा संस्थाले सूचना तथा संचार प्रविधि मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

'निर्देशिका जारी हुनुअघि सञ्चालनमा रहेका र जारी भएपछि सञ्चालनमा आउने सामाजिक सञ्जाल प्लेटफर्मलाई सूचीकृत गर्नको लागि मन्त्रालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्नेछ । निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्म ३ महिनाभित्र मन्त्रालयमा सूचीकरण हुनुपर्नेछ,' निर्देशिकामा भनिएको छ, 'सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति वा संस्थाले आफैं उपस्थित भई वा आफ्नो प्रतिनिधि वा अनलाइन माध्यमबाट समेत निवेदन दिन सक्नेछन् । सूचीकृत नभएका सामाजिक सञ्जाल प्लेटफर्मलाई मन्त्रालयले जुनसुकै बखत

❖ बाँकी अन्तिम पृष्ठमा

बुद्धशान्तिमा सालोद्वारा भिनाजुको हत्या

झापा (प्रस) । झापाको बुद्धशान्तिमा बुधवार राति आफ्नै सालोले हतियार प्रहार गरी भिनाजुको हत्या गरेका छन् ।

राति ११.२० बजेको समयमा बुद्धशान्ति- ५ बस्ने अन्दाजी ३५ वर्षीय रोशन अधिकारी र उनका भिनाजु सोही ठाउँ बस्ने अन्दाजी ४५ वर्षीय धनबहादुर कट्वालबीच घरायसी विवाद हुँदा रोशनले भिनाजु धनबहादुरलाई धारिलो हतियार खुकुरी तथा बाँसले टाउमा प्रहार गर्दा शरीरको विभिन्न भागमा चोट लागेर गंभीर घाईते भएका थिए । उनलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएकोमा उपचारका क्रममा सोमवार बिहान १:५५ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्रप्रसाद रिजालले बताए ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ तत्काल ईलाका प्रहरी कार्यालय बुधबारेबाट टोली खटिगई धारिलो हतियार खुकुरी प्रहार गर्ने रोशनलाई खुकुरीसहित नियन्त्रणमा लिई ईप्रका बुधबारेमा ल्याई राखिएको डीएसपी रिजालले जानकारी दिएका छन् ।

बढ्न थाल्यो बत्तीको झिलिमिलि

झापा(प्रस) । तिहार शुरु नहुँदै झापामा झिलिमिली बत्ती बाल्न थालिएको छ । बिर्तामोडका धेरै घरहरुमा विगत तीन दिनदेखि झिलिमिली बत्ती बाल्न थालिएको हो । त्यस्तै पटाका पड्काएको आवाज पनि सुनिने गरिएको छ । यस वर्षको तिहार कात्तिक २५ गते बाट शुरु हुँदैछ । कात्तिक २५ गते काग तिहार र धन्वन्तरी जयन्ती , २६ गते लक्ष्मी पूजा , २७ गते गाई तिहार , २८ गते गोवर्धन पूजा र २९ गते भाइटीका परेको छ । कात्तिक २९ गते नै तिहार सकिने भएपनि सरकारले कात्तिक २६ देखि कात्तिक ३० गतेसम्म पाँच दिन तिहारको सार्वजनिक विदा दिएको छ ।

तिहार झिलिमिली पार्न ६० करोडको बत्ती आयात

झापा(प्रस) ।तिहार सुरु हुनै लाग्दा बिजुली पसलहरुमा ग्राहकको चहलपहल बढ्दै गएको छ । यो पर्वमा विभिन्न प्रकारका झिलिमिली बत्तीको व्यापार फस्टाउँछ । केही वर्षअघि लोडसेडिङ हुँदा झिलिमिली बत्तीको व्यापार न्यून भए पनि अहिले लोडसेडिङको अन्त्यसँगै व्यापार फस्टाएको छ । तिहारमा उच्च खपत हुने भए पनि नेपालमा झिलिमिली बत्ती उत्पादन हुँदैन । जसले गर्दा आयातमा नेपालबाट करोडौं रकम बाहिरिने गरेको छ । नेपाल विद्युतीय व्यवसायी महासंघका अध्यक्ष रेशमकुमार देवकोटाका अनुसार यस वर्ष तिहारका लागि करिब ६० करोडको झिलिमिली बत्ती आयात भएको छ । विद्युतीय व्यवसायीले मात्र ४५ करोडको झिलिमिली बत्ती आयात गरेका छन् भने खुद्रा व्यापारीका तर्फबाट १५ करोडको आयात भएको छ । नेपालमै उत्पादन नहुने भएपछि ९० प्रतिशत झिलिमिली बत्ती चीनबाट आयात भएको छ । बाँकी १० प्रतिशत भारतबाट भित्र्याइएको छ ।

स्रोत नखुलेको भारतीय रकमसहित एक पक्राउ

झापा(प्रस) । झापाको काँकडभिट्टामा स्रोत नखुलेको भारतीय रकमसहित एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारत ठानाचौक केबुल टोल बस्ने ६२ वर्षीय जैनुल हक रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको चाडपर्व विशेष सुरक्षा योजना अनुसार इलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले उनलाई बुधबार मेचीनगर- ६ स्थित भन्सार गेटबाट पक्राउ गरेको हो ।

भारतबाट नेपालतर्फ आउँदै गरेका उनीमाथि शंका लागेर प्रहरीले चेकजाँच गर्दा भारतीय रकम ५ सय दरको नोट ५ सय थान, २ सय दरको नोट २ सय थान र १ सय दरको नोट ३ सय थान गरी जम्मा ३ लाख २० हजार रुपैयाँ फेला परेको थियो । पक्राउ परेका उनलाई रकमसहित आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय इटहरी बुझाइसकेको प्रहरीले जनाएको छ ।

यता मेची पुलमा खटिएका सुरक्षाकर्मीले मंगलबार बेलुका ७ बजेको नेपालमा प्रतिबन्धित पाँच सय दरका भारतीय रकमसहित दुई जनालाई पक्राउ परेका थिए । पक्राउ परेका दुई जनालाई आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय भद्रपुरमा ल्याएको थियो । उनीहरूको साथबाट स्रोत नखुलेको एक लाख भारतीय रकम फेला परेको थियो । तर, प्रहरीले उनीहरूलाई कुनै कारबाही नगरी बरामद गरिएको रकमसहित त्यतिकै छाडिदिएको घटना बाहिर आएको छ ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, दाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

श्रीलंकालाई हराएर न्युजिल्यान्ड सेमिफाइनल नजिक

एजेन्सी । न्युजिल्यान्डले विश्वकप क्रिकेट-२०२३ मा बिहीबार श्रीलंकालाई सजिलै पाँच विकेटले पराजित गर्दै सेमिफाइनल प्रवेशको सम्भावना बलियो बनाएको छ । जितका लागि १ सय ७२ रनको लक्ष्य पाएको न्युजिल्यान्डले जवाफमा पाँच विकेट गुमाएर २३.२ ओभरमा विजयी रन बनायो । यो जितपछि न्युजिल्यान्डको नौ खेलबाट १० अंक भएको छ र उसको नेट रनरेटको स्थितिमा पनि ठूलो सुधार भएको छ । उसको पछाडि पाकिस्तान र अफगानिस्तानको समान ८ अंक छ । यी दुई टिमले न्युजिल्यान्डलाई उछिन्ने हो भने आ-आफ्नो खेलमा ठूलो अन्तरले जित्नु पर्नेछ । श्रीलंका भने ४ अंकमै सीमित रहेर नवौं स्थानमा रह्यो । न्युजिल्यान्डको जितमा डेवन कनवेले ४५, रचिन रविन्द्रले ४२ र ड्यारेल मिचेलले ४३ रन बनाए ।

त्यस अगाडि पहिले ब्याटिङ गरेको श्रीलंका २२.४ ओभरमा १ सय ६२ रन बनाएर अलआउट भएको थियो । ओपनर कुशल परेराले २८ बलमा बनाएको ५१ रन नै टिमका लागि सर्वाधिक ठूलो स्कोर रह्यो ।

पुछारका दुई ब्याटरमध्ये महेश थाकसनाले ३८ र दिल्सन मडुसन्काले १९ रन बनाए । उनीहरूले अन्तिम विकेटका लागि ४३ रनको साझेदारी गरे । न्युजिल्यान्डका बलरमध्ये ट्रेन्ट बोल्टले ३७ रन खर्चेर तीन विकेट लिए ।

कलाकार दिपाशा बीसीको निधन

झापा(प्रस)। कलाकार दिपाशा बीसीको निधन भएको छ ।

स्वास्थ्यमा समस्या देखिएपछि बुधबार बेलुकी थापाथलीस्थित नर्भिक पुऱ्याइएकी उनलाई बिहीबार अस्पतालले मृत घोषणा गरेको हो । शरीरमा औषधिको मात्रा धेरै देखाइएको कारण देखाउँदै अस्पतालले मृत घोषणा गरेको राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानकी अध्यक्ष रीता थापामगरले जनाइन् । अध्यक्ष मगरका अनुसार बीसीले प्रतिष्ठानको ८ औं महाधिवेशनमा पनि केन्द्रीय सदस्यमा चुनाव लडेकी थिइन् । कलाकार बीसीले थुप्रै म्युजिक भिडियोमा अभिनय गरेकी छिन् ।

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सप्तरीमा फुट्यो जसपा

झापा(प्रस) । सप्तरीमा बुधबार जनता समाजवादी पार्टी (जसपा) नेपालको समानान्तर जिल्ला कमिटी गठन भएको छ। जिल्ला अध्यक्ष र प्रदेश कमिटीका मुख्य सचिवले मनोमानी गरेर संगठन ध्वस्त बनाएको आरोप लगाउँदै वरिष्ठ उपाध्यक्ष उमेशप्रसाद यादवको नेतृत्वमा ५७ सदस्यीय जिल्ला समानान्तर कमिटी गठन भएको हो। राजविराजस्थित जिल्ला समन्वय समितिमा आयोजित जिल्ला भेलाले यादवको अध्यक्षतामा गठन गरेको कमिटीमा निलेशकुमार झा, शशीदेबी यादव, निरज मुक्ति, दयानन्द गोइत, कल्पना चौधरी, रामेश्वर यादव, सुचिता यादव, अभिनव यादव, संजयकुमार मिश्र, बिजय यादव, जिवछ मण्डल, चन्द्रनारायण यादवलगायत छन्।

जसपा पार्टी निर्माणमा योगदान गरेका कार्यकर्तालाई उपेक्षा गर्दै पार्टी अध्यक्ष उपेन्द्र यादव सीमित व्यक्तिको घेराबन्दीमा परेको असन्तुष्ट कार्यकर्ताहरूको आरोप छ। पटक-पटक ध्यानाकर्षण गराउँदासमेत बेवास्ता गरिएको र बिनाकारण कारबाही

गरिएपछि समानान्तर कमिटी गठन गर्नुपरेको उनीहरूको भनाइ छ।

पार्टीका कार्यकारिणी सदस्य तथा पूर्व मन्त्री रेणु यादवको प्रमुख आतिथ्यतामा भएको भेलामा मधेस प्रदेशका निवर्तमान अर्थमन्त्री तथा राजनीतिक समिति सदस्य शैलेन्द्रप्रसाद साह, प्रतिनिधिसभा सदस्य डा. सूर्यनारायण यादव, केन्द्रीय सदस्यहरू भिमराज यादव, विनोद चौधरी, चितरञ्जन यादव, राजनीतिक समिति सदस्य जगदेव यादव, प्रतिनिधिसभा सदस्य उम्मेदवार बालकिशोर यादवलगायतले नेतृत्व वर्गले समयमै बुद्धि नपुऱ्याए प्रदेशभरि नै पार्टीले क्षति व्यहोर्नुपर्ने चेतावनी दिए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कारबाहीमा परी निलम्बित बिष्णुपुर गाउँपालिकामा अध्यक्ष उमेशप्रसाद यादवको अध्यक्षतामा भएको भेलामा स्थानीय तहमा निर्वाचित र निवर्तमान नगर प्रमुख र अध्यक्षहरू, पराजित नगर प्रमुख र अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुको उल्लेख्य सहभागिता रहेको थियो। भेलाका वक्ताहरूले जनतामा लोकप्रिय उमेश यादवलाई कारबाही गरी अध्यक्ष उपेन्द्र यादवले आफ्नो छोरालाई विराटनगरमा मेयरको उम्मेदवार बनाएको, उनी भने राजनीति नगरी जनकपुरमा बसेर मन्त्री बनाउने चलखेलमा लागेर पैसा कमाउन थालेको, कार्यकर्तासँग सरसल्लाह नगरी पार्टी नेतृत्वले पार्टीको नाम, चुनाव चिन्ह परिवर्तन गरेको र समाजवादी मोर्चा बनाएको, बन्द कोठामा बसेर कमिटी बनाउने गरेको आरोप लगाए।

पार्टी नेतृत्व आसेपासे, भजन मण्डली र गणेश परिक्रमा गर्नेहरूको कब्जामा परेको, पार्टीलाई कागजमा सीमित गरेको, सीमित व्यक्तिले कार्यकर्ताको भावनाविपरित मनोमानी गरेको, कार्यकर्ताको संरक्षण गर्न नसकेको, संगठन निर्माण, बैठकहरु गर्न नसकेको, तानाशाही र हैकमवाद लादेको, इमान्दार कार्यकर्तालाई प्रयोग मात्र गर्ने गरेको, आफन्तहरुले मात्र राजनीतिक नियुक्ति पाउने गरेको, गैससजस्तै पार्टी सञ्चालन गरेको, पार्टीलाई गोजीमा राखेको, लोकतान्त्रिक पद्दतिको कुरा गर्नेलाई स्पष्टिकरण र जानकारीविना नै फेसबुकबाट कारबाही गरेको जस्ता आरोप लगाउँदै भेलाले समानान्तर कमिटी गठन गर्ने निष्कर्षमा पुगेको प्रदेश कमिटीका पूर्व उपाध्यक्ष शम्भु झाले बताए।

होण्डा दशैं तिहार अफर

कपुरी मोटोकर्प बिर्तामोड ४, भद्रपुर रोड, झापा
फोन: ०२३-५३०४५२, मो: ९८०२६००५३१, ९८०२६००५१९

कात्तिक २५ गते बिर्तामोड रन म्याराथन हुँदै

झापा(प्रस) । अनारमनी सोसियल युथ क्लबको आयोजनामा बिर्तामोड रन म्याराथन हुने भएको छ । तिहार पर्वको उपलक्ष्यमा रोट्र्याक्ट क्लब अफ बिर्तामोड , वडा खेलकुद विकास समिति बिर्तामोड ३ र युनाइटेड युथ क्लबको सहयोगमा यही कात्तिक २५ गते शनिवार बिहान महिला र पुरुषको खुल्ला म्याराथन प्रतियोगिता आयोजना गरिने भएको बिहीवार पत्रकार सम्मेलन गरी जानकारी दिइएको हो । बिहान ६.३० बजे बिर्तामोड नगरपालिका अगाडिबाट शुरु हुने म्याराथन भगवान चौक हुँदै मुक्ति चोक पुगेर पुनः नगरपालिका कार्यालय अगाडि आएर समापन हुने भएको छ। धावकहरुका लागि करिव

६ किलोमिटर दुरी तय गरिएको छ । 'स्वास्थ्यको लागि खेलकुद, लागूऔषधमुक्त बिर्तामोडका लागि हामी एकजुट' भन्ने नाराका साथ सो प्रतियोगिता दोस्रो पटक आयोजना गरिएको कार्यक्रम संयोजक प्रभास थापामगरले बताए । युवाहरुलाई कुलतमा फस्नबाट जोगाउन गत वर्षदेखि म्याराथन प्रतियोगिता आयोजना गरिएको उनले बताए । पुरुष र महिला म्याराथनमा प्रथम , द्वितीय र तृतीय हुनेहरुलाई क्रमशः ७ हजार , ४ हजार र ३ हजार नगद , मेडल र प्रमाणपत्र प्रदान गरिने छ । अनारमनीको ऐतिहासिक नामलाई जोगाउन २०७० सालमा क्लब स्थापना गरी खेलकुद र सामाजिक कार्यहरु निरन्तर गर्दै आएको अनारमनी सोसियल युथ क्लबका अध्यक्ष राज मुखियाले बताए । रोट्र्याक्ट क्लब अफ बिर्तामोडका अध्यक्ष बाप्पा शाहले युवाहरुलाई लक्षित गरी आयोजना गरिएको म्याराथनमा सहभागी हुन आव्हान गरे । सहभागिता जनाउनका लागि शुक्रवार बेलुकासम्म फारम भर्न सकिने भन्दै अनारमनी युथ क्लबका सदस्य कोसिस घिमिरेले बिर्तामोड ३ नं वडा कार्यालयमा फारम उपलब्ध रहेको जानकारी दिए । उनले प्रतियोगिताकै दिन शनिवार बिहान समेत फारम भर्न सकिने बताए । विगत केही महिनादेखि बिर्तामोड ३ का युवाहरु एकजुट भई सामाजिक कार्यमा सक्रिय भएर लागिपरेको बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीले बताए । उनले खेलकुदसंगै लागूऔषध नियन्त्रण , सरसफाई , बृक्षरोपणजस्ता कार्यमा स्थानीय युवाहरुको उत्साहजनक सहभागिता देखिएको भन्दै प्रशंसा गरे । पत्रकार सम्मेलनमा वडा खेलकुद विकास समिति बिर्तामोड ३ का अध्यक्ष अनिश सुवेदी ,काजी ब्यांक्वेटका अरुण खड्का , नन्दु सब्जी भण्डारका विशाल चौधरीलगायतको उपस्थिति रहेको थियो । प्रतियोगिताका लागि विभिन्न संघ संस्था सहयोगी र प्रायोजक रहेका छन् । गत वर्ष आयोजित म्याराथन प्रतियोगितामा ८० भन्दा बढीले सहभागिता जनाएका थिए ।

इन्दु बर्मा बनिन् कप्तान

झापा(प्रस) । राष्ट्रिय महिला क्रिकेट टोलीको कप्तान परिवर्तन भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले इन्दु बर्मालाई नयाँ कप्तानको जिम्मेवारी दिएको हो। यसअघि राष्ट्रिय महिला टोलीको कप्तानी रुविना क्षेत्रीले गर्दै आएकी थिइन्।

रुविना टिममा परे पनि हङकङमा आयोजना हुने टी-२० सिरिजको कप्तानी इन्दुले गर्ने क्यानले जानकारी दिएको छ। त्यस्तै टोलीमा उपकप्तान बिन्दु रावल, रुविना क्षेत्री, सीता राना मगर, अश्मिना कर्माचार्य, काजोल श्रेष्ठ, कन्चन श्रेष्ठ, सोमु बिष्ट, पूजा महतो, रोमा थापा, संगीता राई, खुसी डंगोल, सम्झना खड्का र सोनी पाखिन रहेका छन्। हङकङको आयोजनामा नोभेम्बर १५ देखि १९ सम्म हुने चारदेशीय टी-२० सिरिज खेल्न टोली त्यसतर्फ प्रस्थान गर्नेछ।

प्लेटफर्म ...

बन्द गर्न सक्नेछ ।'

सामाजिक सञ्जाल प्लेटफर्म संचालकले इजाजतपत्र लिनुपर्ने र त्यसको प्रत्येक ३ वर्षमा नवीकरण गराउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

सामाजिक संजाल प्रयोगकर्ताको वैयक्तिक विवरण गोप्य राख्नुपर्ने गरी सुरक्षा मापदण्ड अवलम्बन गर्नुपर्ने र यस्ता विवरण सार्वजनिक गर्न वा अन्य प्रयोजनमा प्रयोग गर्न नहुने पनि निर्देशिकामा व्यवस्था गरिएको छ । सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक सामग्री निरन्तर रुपमा प्रकाशन वा प्रसारण संचालकले गर्नुपर्ने व्यवस्था पनि गरिएको छ ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

७ दिने सूचना

सधियार पूर्व : श्री ध्रुव प्रसाद उपाध्याय, पश्चिम : बाटो, उत्तरः बाटो, दक्षिण : श्री मनकुमारी लिम्बु को नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री रोषन श्रेष्ठ ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता नं	सूचना प्रकाशित मिति	सर्जमिन मिति
साविक शनिश्चरे ८, हाल अर्जुनधारा ११	-	४५९४	०-०-९.७५	१४३९ २०८०/ ०६/१८	२०८०/ ०७/२०	२०८०/ ०७/२४

बडादशैं, शुभ दिपावली तथा छठ पर्वको शुभकामना

जनहितमा जारी सन्देश

- मनोरञ्जनका नाममा मादक पदार्थ तथा लागू औषध सेवन गर्ने र जुवातास खेल्ने कार्यलाई निषेध गरौं ।
- मासुजन्य परिकार तथा अत्यधिक पौष्टिक तत्व भएका परिकारको जथाभावी सेवनले स्वास्थ्यमा प्रतिकुल असर पुऱ्याउने हुनाले सावधानी अपनाऔं ।
- चाड पर्वको बेला चोरी डकैतिका घटना बढ्ने भएकोले चनाखो बनौं ।
- मादकपदार्थ सेवन गरी सवारी साधन नचलाऔं । सीमित गतीमा मात्र सवारी साधन चलाई दुर्घटना हुनबाट आफू बचौं अरूलाई पनि बचाऔं ।
- घर, टोल, बाटो तथा सार्वजनिक स्थानमा शंकास्पद वस्तु तथा व्यक्ति देखेमा नजिकैको प्रहरीलाई खबर गरौं ।
- चार्ड पर्वको अवसरमा अनावश्यक गरगहनाको प्रदर्शन नगरौं र गहना लगाएर एक्लै हिँडडुल नगरौं ।
- आतेसबाजी, प्रज्वलनशिल पदार्थ, पटाका जस्ता वस्तु प्रयोग नगरौं ।
- ठुलो स्वरको आवाज आउने साउण्ड, स्पिकर, बाजा बजाई ध्वनि प्रदूषण नगरौं ।
- बजारमा कृतिम अभाव, कालोबजारी, अस्वभाविक मूल्यबृद्धि जस्ता कार्य नगर्न हुन सम्पूर्ण व्यापारी-व्यवसायीहरूमा अनुरोध छ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झापा, कोशी प्रदेश, नेपाल

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

व्यवस्था हैन अबस्था सुधार

बीएण्डसी हस्पिटलका संचालक दुर्गा प्रसाईको गतिविधिका कारण प्रधानमन्त्री पुष्पकमल दाहालसहित अहिलेको सत्ता राजनीतिका शीर्ष नेताले अहिले आएर गणतन्त्रमाथि खतरा देख्न थालेका छन्। विभिन्न मञ्चमा उनीहरूले यो खतराविरुद्ध आफूलाई सक्रिय पार्नुपर्ने धारणा पनि राख्दै आएका छन्। प्रमुख राजनीतिक दलका नेताहरूले अहिले मुलुकमा विद्यमान संघीय लोकतान्त्रिक गणतन्त्रमाथिका खतरा बल्ल महसुस गर्न थालेको छनक पनि यसले दिएको छ। खासगरी सामाजिक सञ्जालमा अहिलेको राजनीतिक व्यवस्थाप्रति जुन टिप्पणी हुँदै छ, त्यसका निम्ति बाटो बनाइदिएको अहिलेको नेतृत्वले नै हो।

लोकतन्त्रको विकल्प अरू बढी लोकतन्त्र हो। तर, यहाँ लोकतन्त्रको विकल्पमा राजतन्त्र वा अन्य कुनै निरंकुशतन्त्रको आवश्यकता बोध गराउन खोजिँदै छ। त्यसका निम्ति खास व्यक्तिहरूले भूमिका खेल्न थालेको देखिँदै छ। जबर्जस्ती यस किसिमको भाष्य निर्माण गरेर अहिलेको परिस्थितिलाई पछाडि धकेल्न सकिन्छ भन्ने आशा त्यस्ता व्यक्तिमा देखिन्छ। हो, एकथरी व्यक्तिलाई यो परिवर्तन निको लागेको छैन। तिनलाई हिजोकै व्यवस्था वा निरंकुशतामा बाँच्ने बानी लागेको छ। कसै न कसैलाई सिंहासनमा राखेर आफूलाई शासित गराउन खोज्नेहरूको यहाँ कमी छैन। तैपनि अझै ठुलो तप्का भने त्यसका निम्ति तयार छैन। तिनका निम्ति स्वतन्त्रता सबैभन्दा प्यारो छ। स्वतन्त्रतामा तिलाञ्जली दिई कसैबाट शासित हुन चाहनेहरूको संख्या ठुलो छैन।

लोकतान्त्रिक शासन व्यवस्थामा देखिएका विकृतिले भने आम जनसमुदायलाई दिक्क पारेको छ। हो, यही अवस्थाबाट फाइदा लिन चाहने तत्वहरू अहिले देखिएका हुन्। लोकतन्त्रप्रति आम जनताको विश्वास अहिले पनि छ। तर, त्यो विश्वास भत्किन नदिन निर्वाह गर्नुपर्ने गुरुत्तर दायित्व भने अहिले मुलुकको शासन सञ्चालन गरिरहेका प्रमुख दलमा छ। अहिले व्यवस्थाविरुद्ध भाष्य निर्माण गर्न कुन पक्षले भूमिका खेलेको होला? त्यसमा ध्यान पुऱ्याउने हो भने अहिलेको अवस्थाबाट पार पाउन सकिन्छ। पहिलो, शासन व्यवस्थालाई गुणवत्ताका आधारमा सञ्चालन गर्ने परिपाटी हुनुपर्छ। दोस्रो, मुलुकका सबै क्षेत्रमा राजनीतीकरण गर्नु आवश्यक छैन। तेस्रो, क्षमताका आधारमा जोसुकैले राज्यका निकायमा भूमिका पाउन सक्ने अवस्था स्थापित हुनुपर्छ। व्यवस्था हैन अबस्था सुधार्न प्रयास गर्नुस् । नत्र व्यवस्थासंगै दल र नेताहरुको राजकीय अबस्था पनि सकिने छ ।

भूकम्प र जीवन

• बिपी बडाल

विसं २०८०, कात्तिक १७ गते अर्थात् नोभेम्बर ३ तारिक २०२३ शुक्रबार पश्चिम नेपाल (जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु भएर) गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट ३५ हजार मानिस घरबार बिहीन भएका छन्, १७ हजार सात सय घर पूर्ण रूपमा भत्केका र १७ हजार पाँच सय घर आंशिक रूपमा चर्केकाले बस्न नमिल्ने भएका छन् । शुक्रबारको भूकम्पमा परेर कुल १५३ जनाको ज्यान गएको छ, तीमध्ये ८३ जना महिला र ७० जना पुरुष रहेका छन् भने २६४ जना घाइते भएका छन् । त्यस भूकम्पपछि मात्रै कर्णालीमा हालसम्म चार म्याग्निच्युडभन्दा माथिका नौ वटा पराकम्प गइसकेको अधिकारीहरूले जानकारी दिएका छन् ।

हिजो आज अलि धेरै भूकम्प जाने गरेको हो कि ? आखिर जीवन त सबैको उही हो, राजाको होस् वा फकिरको जीवन र मृत्युको समयमा दुवै एकै हुन्छन् । एउटै श्मशानमा एउटा घाटमा राजा जल्दै हुन्छ अर्को घाटमा फकिर । जीवनको अर्थमा कोही राजा वा कोही फकिर हुँदैन, मानवतामा कुनै विभेद हुँदैन । समानताको जल्दो बल्दो उदाहरण हो यो तर जन्मदेखि मृत्युसम्मको जीवन अवधिमा मानवतामा विभेद किन ? खाने भातै हो, जाने घाटै हो । सबै समान हो तर यो के को प्रतिस्पर्धा हो ? हामी भ्रममा छौँ । जीवन कर्कलाको पानी हो । भूकम्पमा आफन्त बिते भैँ आफैँ बित्न पनि सकिन्थ्यो तर बाँचियो नि । जीवन रह्यो तर कस्ट अझै बढ्यो, आफन्त गुमाएको पीडाले जीवन झन् दुखित बनाएको छ । एक पलले बाँचियो तर पलपल मर्नु परिरहेको छ गरिबी, अभाव, र त्यसमाथिको यो प्राकृतिक प्रकोपले यो जीवन झन् खल्लो पारेको छ । किन हाम्रो मानवता पैसामा जोखिन्छ ? किन हामी तेरोमेरो ठुलोसानो, लोभमोह, र घमण्ड जस्ता भ्रममा बाँचेका छौँ ? हामीले भ्रम छोड्नु पर्छ मानव भएपछि मानव भएर बाँच्नु पर्छ । यो भूकम्प पीडादायक भए पनि सजगताको सूचक हो ।

भूकम्प के हो ?

भूकम्पबाट नै नेपालको उत्पत्ति भएको हो । धेरैलाई अचम्म लाग्न सक्छ । करिब चार अर्ब साठी करोड वर्षअघि यो पृथ्वीको उत्पत्ति भएको थियो । यसको सतहमा सात वटा ठुला र अन्य सानातिना धेरै प्लेट रहेका छन् । इन्डियन प्लेटले युरोएसियन प्लेटसँग चार करोड पचास लाख वर्ष पहिले ठक्कर खान थालेको मान्यता छ । त्यसबेला यस क्षेत्रमा टेथिस सागर अवस्थित थियो । भूकम्प जाँदै (दुई टेकटोनिक प्लेट ठक्कर खाँदै) गर्दा उक्त समुद्र लोप हुन पुग्यो र संसारकै कान्छो तर उच्च शिर हिमालय पर्वत सगरमाथाको जन्म भयो । कालीगण्डकीमा पाइने शालीग्राम (जीवाश्म) नै यहाँ सागर भएको प्रमाण हो । भूकम्प नयाँ सिर्जनाको आधार हो । यही आधार आजको नेपाल हो । आन्तरिक आधारमा आएको टकरावले माथि जमिनमा आउने कम्पनलाई नै भूकम्प भनिन्छ । यो कम्पन ज्यादै डरलाग्दो हुन्छ । आजसम्म भूकम्पबाट करोडौँ मानिसको ज्यान गइसकेको छ । गोपाल राजवंशावली अनुसार विसं १३१२ को भैँचालोमा त्यसबेलाका राजा अभय मल्लको मृत्यु भएको थियो । झन्डै आठ सय वर्षको नेपालको भूकम्पको इतिहास अध्ययन गर्दा ५० वटाभन्दा बढी ठुला भूकम्प गएको देखिन्छ । भूकम्पले धेरै धनजनको नोक्सानी गरेको छ । अनियन्त्रित स्वेच्छिक घर निर्माण नै भूकम्पले ज्यान लिने प्रमुख कारण हो । भूकम्प आउँछ, भूकम्पले धेरै क्षति गरेको छ, राजा नै भूकम्पले मरेको देश, भूकम्पले नै बनेको देश, असाध्यै धेरै भूकम्प जाने सम्भावना भएको देश नै नेपाल हो तर हामी बिर्सिन्छौँ । २०७२ सालको पीडा हामीले बिर्सिसकेका थियौँ । जाजरकोट भूकम्पले झस्काएको छ । पुनर्निर्माणमा सजगता अपनाउन निर्देशित गरेको छ । घर बनाउनु पर्छ, चिहान होइन । घरको नाममा हामीले धेरै जसो भारतीय रड तथा सिमेन्ट जम्मा गरेर चिहान निर्माण गर्ने गरेका छौँ, अब गुणस्तरीय कामतिर लागौँ ।

जीवन के हो ?

जीवन प्रकृतिले दिएको अमूल्य उपहार हो । जन्मदेखि मृत्युसम्मको दिन र रातको यात्रा हो । जीवन सुख दुःखको समिश्रण हो । जीवन धर्म, अर्थ, काम, र मोक्ष प्राप्तिको साधन हो । जीवन धर्म गर्न हो । जीवन धर्म गरेर अर्थ कमाउनका लागि हो । जीवन परिवार, माया, मोह, काम, तथा भोगको साधन हो । जीवन सुख भोगको साधन हो । जीवन मोक्ष प्राप्तिको मार्ग हो । जीवन भनेको प्रकृतिले दिएको अमूल्य उपहार प्रकृतिलाई नै समृद्ध बनाउने र प्रकृतिकै काखमा विलिन हुनु हो । यही माटोका फूल हामी यही माटोमा मिल्नु । फूल जस्तो जीवन फूलमय हुनु पर्छ । फूलले जस्तै चारैतिर सुवास फैल्याउनु पर्छ, रमाइलो गर्नु पर्छ खुसी बाँड्नु पर्छ । आखिर एकबारको जीवन न हो, खुसी सुखी हुनु पर्छ तर हाम्रै लोभ र अज्ञानताले, ठुलाठुला भव्य महल बनाउने सपनाले, हाम्रा सपनाका बालुवाका महलहरू भूकम्पले ढल्नाले अमूल्य जीवन पनि यसै गरी अकालमा पर्ने गरेको छ । फूल जस्तो जीवन, काँडा जस्तो बनिदिन्छ । जीवन के हो बुझ्न नपाउँदै जीवनको अन्त्य हुन्छ । जीवनका लागि बनेका हाम्रा घर नै हाम्रो जीवन लिने चिहान बन्ने गरेका छन् । जीवन सुखमय हुन्छ अर्थात् हुनु पर्छ, जिन्दगीभरि कमाएको पैसाले चिहान निर्माण गर्नु मूर्खता वा घमण्ड मात्रै हो । प्रेम भए झुपडी पनि महल नै हुन्छ । जीवनमा धन मात्र होइन प्रेम सद्भाव र विश्वास पनि चाहिन्छ । जीवन काँडा कि फूल ? यो आफैँमा भर पर्ने कुरा हो । जीवन फूल बनाए फूल बन्छ काँडा बनाए काँडा बन्छ । घर बनाए घर बन्छ चिहान बनाए चिहान बन्छ । जीवनका लागि घर बनाउनु पर्छ । चिहान होइन, कम्तीमा पनि अब घर बनाउँदा भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौँ । आफ्नो सभ्यता र संस्कृतिको संरक्षण गरौँ ।

निष्कर्ष

भूकम्पले फूल जस्तो जीवन उखेलेर फाल्छ । अमूल्य जीवन खेर जान्छ । आफन्त परिवारलाई यो भूकम्प जीवनभरिको घाउ बनेर बस्छ । मर्ने त अकालमा मर्छ नै, बाँच्ने पनि उसको यादले पलपल मरिरहेको हुन्छ । कर्णालीमा विश्वको आँखा पुगेको छ । विश्वभरिबाट सहयोग आउँदै छ यद्यपि कर्णालीमा धेरै पहिलेदेखि नै प्रशस्त डलर आउने गरेको हो । समस्या व्यवहारमा छ, सानो ठुलो, तेरो मेरो भन्ने सोचमा छ । तेरो मेरो होइन हाम्रो भन्ने सोच बनाउनु जरुरी छ । बरु पालमै २/४ वर्ष बसेर भए पनि भव्य सभ्य कर्णाली निर्माणमा लाग्नु पर्छ । यो भूकम्प सम्भावित क्षेत्र हो, फेरि पनि भूकम्प आउँछ, त्यसैले अबको पुनर्निर्माण पूर्ण रूपले भूकम्प प्रतिरोधात्मक हुनु पर्छ । यो राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगले केवल चामल किन्ने होइन, कमसल रड-सिमेन्टको पुल्ला बनाउने होइन । कर्णालीको जनताको पारम्परिक

स्वस्थ, आवास, स्थानीय उत्पादन, स्वास्थ्य, शिक्षा र रोजगारीको सुनिश्चितता गर्ने हो । भूकम्प दुःख त हुँदै हो तर योजनाबद्ध विकास गरे समृद्धिको आधार हो । भयानक भूकम्पपछि विभिन्न देशले अत्यन्तै राम्रो प्रगति पनि गरेका छन् । यो दुःखद घटना भविष्यको मार्ग निर्देशक बनोस् । सुन्दर र समृद्ध कर्णाली बनोस् ।

दानवीर सुवर्णशमशेर

• रामनारायण देव

नेपाली कांग्रेसका संस्थापक सुवर्णशमशेर एक असल उदार राजनीतिज्ञ मात्र होइन प्रजातन्त्र र मानव अधिकारप्रति पूर्ण रूपमा समर्पित एक योद्धा हुनुहुन्थ्यो । राणा कुलमा जन्मिएर पनि जनअधिकारप्रति सजग प्रजातन्त्र र समाजवादप्रति प्रतिबद्ध एक इमानदार व्यक्तित्व हुनुहुन्थ्यो । त्यसैले उहाँ आफ्नै पारिवारिक राणा शासकको कोपभाजनमा परी कलकत्ता (भारत) प्रवासमा जानु परेको थियो । कलकत्तामै नेपालमा प्रजातन्त्र स्थापनार्थ २००५ सालमा नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गर्नुभयो । उता बनारसमा २००३ सालमै बिपी कोइरालाको नेतृत्वमा नेपाल राष्ट्रिय कांग्रेसको स्थापना गरी सक्नुभएको थियो ।

२००६ साल चैत २७ गते कलकत्तामा दुइटै नेपाली कांग्रेस एकीकरण भई नेपाली कांग्रेसको विधिवत् स्थापना भएको थियो । त्यसपछि निरङ्कुश राणातन्त्रविरुद्ध जनक्रान्तिको आगो बलेको थियो । क्रान्तिका लागि आवश्यक आर्थिक स्रोत चाहियो । आर्थिक स्रोतका लागि स्वयम् सुवर्णशमशेर पूरै खर्च बेहोर्न तयार हुनुभयो । उहाँले स्पष्ट रूपमा बिपी कोइरालालाई जनक्रान्तिका लागि चाहिने खर्च जुटाउन आफू तयार भएको सन्देश दिनुभयो । साथै हातहतियार वर्माबाट ल्याउन बिपीलाई सुझाव दिनुभयो ।

सुवर्णशमशेरको भाइ महावीरशमशेरको डकोटा जहाज सञ्चालनमा थियो । यही जहाज प्रयोग गरेर वर्माबाट हातहतियार झिकाइयो । हातहतियारलाई पटना नजिकै एउटा मैदानमा ल्याएर भण्डारण गरियो । त्यसपछि क्रान्तिका लागि थप आर्थिक स्रोतका लागि सुवर्णशमशेरले बिपी कोइरालासित सल्लाह गर्नुभयो । सल्लाह अनुसार सुवर्णशमशेरले एक करोड रुपियाँसम्म दिने कुरो गर्दै भन्नुभयो, मेरो एउटा सर्त छ, त्यो पैसा विभिन्न बैङ्कको खातामा राख्न पाइँदैन । सबै पैसा मकहाँ नै राख्नु पर्छ । तपाईलाई आवश्यक परेको बेला दिउँला । सुवर्णजीले फेरि भन्नुभयो, यस राजनीतिक क्रान्तिका लागि म जति लगानी गर्छु, त्यसको आधा मेरो भाइ महावीरशमशेरले पनि बेहोर्ने छन् । भाइ र मबिच यस्तो समझदारी भएको छ । सुवर्ण र बिपीबिचको यो संवाद कलकत्तामै भएको थियो ।

यसरी सुवर्णशमशेरको धन र मनले सात सालको जनक्रान्ति सफल भएको थियो । जनक्रान्ति सफल भएपछि २००७ सालको अन्तरिम सरकारमा सुवर्णशमशेर पहिलो अर्थ मन्त्री बन्नुभयो र २००८ साल माघ १९ गते राति रेडियो नेपालबाट तीन करोड पाँच लाख सोह्र हजार रुपियाँको बजेट प्रस्तुत गर्नुभयो ।

सुवर्णशमशेर अर्थमन्त्री भएको बेला २००९ सालमा जनकपुरमा नेपाली कांग्रेसको महाधिवेशन भएको थियो । महाधिवेशन खर्चका लागि कसैकसैले जलेश्वर मालपोत कार्यालयबाट केही रकम सापटी लिने कुरा पनि गरे तर सुवर्णशमशेरले यस्तो काम गर्नु हुन्न किनभने पार्टीको महाधिवेशन हो, सरकारको होइन । मेरो आफ्नै प्रशस्त सम्पत्ति छ म आफैँ बेहोर्छु भन्नुभयो । त्यति मात्र होइन नेता-कार्यकर्तालाई खाँचो परेको बेला आर्थिक सहयोग गर्नुहुन्थ्यो । कतिपय नेताहरूलाई महिनावारी पैसा दिनुहुन्थ्यो । राजा महेन्द्रको विवाहमा पनि उहाँले ४० हजार दिनुभएको थियो ।

२०१२ सालमा वीरगन्जमा नेपाली कांग्रेसको महाधिवेशन भयो, जसमा गणेशमान सिंहलाई पराजित गरी उहाँ सभापतिमा निर्वाचित हुनुभयो तर पनि गणेशमानप्रति उहाँले कुनै तितो पोख्नु भएन । त्यही महाधिवेशनमा सुवर्णशमशेरले समाजवादको अवधारणा ल्याई विधिवत् रूपमा पार्टीलाई समाजवादी विचारमा रूपान्तरित गर्नुभयो । नेपाली जनताको जीवन स्तर उच्च बनाउन तथा गरिब, किसान, मजदुरको समानता र समृद्धिका लागि उहाँले समाजवादी नीति ल्याउनुभएको थियो । त्यही महाधिवेशनबाट नेपाली कांग्रेस एक समाजवादी पार्टीको नामबाट परिचित भयो ।

राजा महेन्द्रले आमचुनावको घोषणा गरी सुवर्णशमशेरको अध्यक्षतामा २०१५ साल जेठ ६ गते मन्त्रीपरिषद् गठन गर्नुभयो । सुवर्णशमशेरले आमचुनाव सम्पन्न गराउनुभयो । २०१५ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ सिटमा जित हासिल गऱ्यो । राजा महेन्द्रको अनुमान विपरीत कांग्रेसले १०९ स्थानमध्ये ७४ स्थानमा जित हासिल गऱ्यो । यसपछि राजा महेन्द्र सुवर्णशमशेरलाई प्रधानमन्त्री बनाउन चाहनुहुन्थ्यो । यसका लागि उहाँलाई दबाब पनि दिइयो तर उहाँले मान्नुभएन । नेपाली कांग्रेसको संसदीय दलको बैठकमा सुवर्णशमशेरले बिपी कोइरालालाई संसदीय दलको नेतामा समर्थन गरी प्रधानमन्त्रीको बाटो खोलिदिनुभयो ।

२०१६ साल जेठ १३ गते बिपी कोइरालालाई प्रधानमन्त्रीको शपथ गराइयो । जननिर्वाचित १९ सदस्यीय मन्त्री मण्डलमा सुवर्णशमशेर अर्थ मन्त्री हुनुभयो । विकासप्रेमी सुवर्णशमशेरले नेपालको बहुआयामिक विकासको रूपरेखा तयार मात्र पार्नुभएन, दूरगामी विकासको अवधारणासहित देशको समाजवादी विकासको बलियो आधार खडा गर्नुभयो । उहाँकै अगुवाइमा विर्ता उन्मूलन जस्तो क्रान्तिकारी कदम उठाइयो । नेपाललाई समाजवादी अर्थ व्यवस्थातिर डोऱ्याइयो । नेपाली कांग्रेसको सरकारले २०१६ साल पुस १९ गते विर्ता उन्मूलन गर्ने निर्णय गऱ्यो । अर्थमन्त्री सुवर्णशमशेर स्वयम्ले नै आफूसँग रहेको १२ हजार विघा जग्गा सरकारलाई बुझाउनु भयो ।

परिवर्तनको सुरुआत आफैँबाट गर्नु पर्छ भन्ने मान्यता राख्नु हुने सुवर्णशमशेरको यो कामले सामन्ती वर्गमा हलचल ल्याइदिएको थियो । २०३० सालमा विराटनगरबाट काठमाडौँ उडेको विमान अपहरण काण्डमा सुवर्णशमशेर निकै असन्तुष्ट हुनुहुन्थ्यो । विमान अपहरण गरेर प्राप्त हुने रकम मैले नै पार्टीलाई उपलब्ध गराई दिन्थे नि । २००७ सालदेखि अहिलेसम्म पार्टीलाई चाहिने खर्च जुटाउँदै आएको छ । २०१७ साल पुस १ गते राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरेपछि प्रवासबाट सशस्त्र क्रान्ति सञ्चालन गर्न तथा अन्य सहयोग उहाँले गर्दै आउनु भयो ।

सुवर्णशमशेर जस्तो उदारमना व्यक्ति नभएको भए आर्थिक अभावमा कांग्रेस मृतप्रायः हुन्थ्यो । बिपी जेलमा हुँदा कांग्रेसको कार्यवाहक सभापतिको जिम्मेवारी बहन गरेर भारत प्रवासमा आठ वर्षसम्म कांग्रेसलाई जीवन्त राख्नुमा उहाँको ठुलो योगदान छ । बिपी र सुवर्णशमशेरबिच निकै हार्दिकता थियो । बिपीले आफ्नो आत्मवृत्तान्तमा लेख्नुभएको छ, सुवर्णजी र मबिच धेरैले फुटाउन लागे तर हाम्रोबिच फुट भएन । मप्रति उहाँको विश्वास र उहाँको मप्रतिको विश्वासमा रतिभर फरक आएन ।

बिपी अमेरिकाबाट उपचार गरी २०३४ साल कात्तिकमा फर्किएर आएपछि सुवर्णशमशेरलाई कलकत्तामा भेट गर्न जानुभयो । उहाँलाई बिरामी अवस्थामा भेट् दा बिपी निकै भावुक हुनुभयो । त्यसैबेला बिपी आफैँ अमेरिकाबाट क्यान्सरको उपचार गरेर फर्कनु भएको थियो । भावुक हृदयका बिपी र सुवर्णबिच भएको त्यो भेट अति नै कारुणिक थियो । दुवैका आँखा रसाए थिए । सो भेटमा सुवर्णशमशेर भावुक हुँदै बिपीलाई राजनीतिमा सघाउने अभिलाषा हुँदाहुँदै पनि अस्वस्थताका कारण अब केही गर्न नसक्ने भन्दै क्षमा माग्नुभएको थियो । पक्षपातले कुँजिएर अन्तिम अवस्थामा पुग्नुभएका सुवर्णशमशेरको यो भनाइले बिपी निकै भक्कानिनु भएको थियो ।

सुवर्णशमशेरले १७ वर्षदेखि जिम्मा लिनुभएको कार्यवाहक सभापतिको पद बिपीलाई ओछ्यानबाट नै भारी बिसाउनु भएको थियो । त्यसको केही दिनपछि कात्तिक २४ गते कलकत्तामा नै उहाँको निधन भएको थियो । जीन्दगीभरि प्रजातन्त्र र समाजवादका लागि समर्पित तथा कांग्रेसलाई तन, मन र धनले जीवन्त राख्नुहुने सुवर्णशमशेरलाई पार्टीले बिर्सिएकोमा आलोच्य बनेको छ । पार्टी र सरकारले राजधानीमा सुवर्ण मार्ग तथा स्मारक निर्माण गर्न आवश्यक छ ।

कोटीहोममा विराट महायज्ञ महाअनुष्ठान सुरु

झापा(प्रस) ।झापाको कनकाई–४ कोटीहोम क्षेत्रको कनकाई माई किनारामा विश्व शान्तिको कामना गर्दै वृहत विश्व-शान्ति विराट महायज्ञ महाअनुष्ठान बिहीवारबाट सुरु भएको छ ।

विश्वका विभिन्न मुलुकमा भइरहेका हिंसात्मक घटना अन्त्यका साथै हालै गएको भूकम्पमा परी नेपालको जाजरकोटलगायत जिल्लामा ज्यान गुमाएकाहरुको आत्मा शान्तिको कामना गर्दै ॐआदि फाउन्डेसनले तीनदिने महायज्ञ महाअनुष्ठान प्रारम्भ गरेको हो । कनकाई माईको किनारमा स्वस्तिक आकृतिको यज्ञकुण्डसहितका

संरचना तयार पारिएको छ । यो वर्ष देशका १८ स्थानमा महाअनुष्ठान गर्ने योजना बनाए अनुसार १७औं महाअनुष्ठानको रुपमा कनकाईलाई अवसर प्राप्त भएको ॐआदि फाउन्डेसनका अध्यक्ष डा.उपेन्द्र महतोले बताए । महायज्ञमा बाल ब्रह्मज्ञानी गुरु आदि चन्द्र योगीसहितका साधकहरुले विभिन्न साधनात्मक विधि प्रक्रियाहरुका साथ अखण्ड यज्ञाहुति गर्ने बताइएको छ । ॐआदि फाउण्डेशनको आयोजनामा बिहीवार , शुक्रवार र शनिवार तीन दिनसम्म संचालन हुने महाअनुष्ठानमा नेपालका विशिष्ट व्यक्तिहरूको समेत सहभागिता रहने बताइएको छ । महायज्ञबाट प्राप्त ऊर्जालाई कनकाई धाम परिसरमा नै उचित व्यवस्थापन गरी यो क्षेत्रलाई दिव्य धामका रुपमा विकास गरिने तथा अबको अन्तिम यज्ञ युएईमा लगाइने महायज्ञका कार्यक्रम संयोजक एवं आयोजक संस्था ॐआदि फाउन्डेसनका सल्लाहकार लक्ष्मीप्रसाद प्रसाईले बताए । महाअनुष्ठानमा १०८ कुण्डीय यान्त्रिक , तान्त्रिक एवं मान्त्रिक हवन समेत गरिने छ । अग्नि एवं जलकुण्डका रूपमा लिइएको सो हवनमा दुर्गा सप्तसती चण्डी पाठ र चार वेद अखण्ड पाठ पारायण (चार दिशामा) गरिने छ । तीन दिनसम्म दिव्य शिवलिंग एवं हिमालय प्रतिस्थापन, पृथ्वीयन्त्र, नवरत्न नागमणि, महाकाली स्थापना, ओमकार यन्त्र प्रतिस्थापन, चित्ताअग्नि साधना र १००८ शिवलिंग प्रतिष्ठा एवं विधिवत् अनुष्ठान गरिने छ ।

सहकारीबाट ठगिएको भए उजुरी दिनू : सीआईबी

झापा(प्रस) । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले ललितपुरको देउराली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट रकम हिनामिनामा परेका बचतकर्तालाई सम्पर्कमा आएर जाहेरी दिन आग्रह गरेको छ। सीआईबीले उजुरी दिनका लागि शुक्रबारसम्मको समयसीमा तोकेको छ।

केही पीडित उजुरी लिएर आएका र उनीहरूको उजुरी दर्ता भएको जानकारी गराउँदै सीआईबीका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले रकम प्राप्त गर्न नसकेको भए जाहेरी दिन आग्रह गरे। सहकारीबाट अहिलेसम्म करिब ५० करोड बिगो बराबरको रकम हिनामिहना भएको भनी जाहेरी परेको छ। जाहेरीका आधारमा तीन जनालाई पक्राउ गरेको उनले बताए। निक्षेपकर्ता सदस्यले ललितपुरको सातदोबाटोमा केन्द्रीय कार्यालय रही भक्तपुर र काठमाडौंको सेवा केन्द्रमार्फत समेतमा बचत तथा मुद्दति खाता खोली जम्मा गरेको रकमको साँवा तथा ब्याज समयावधि सकिँदासमेत पनि फिर्ता नपाएको भनी जाहेरी पेश भएको प्रहरी उपरीक्षक अधिकारीले बताए। उक्त रकम हिनामिना कसुरको जाहेरी दर्ता गरी ब्यूरोबाट अनुसन्धान कार्य भइरहेकाले आवश्यक अनुसन्धानका लागि पनि पीडित बचतकर्तालाई सम्पर्कमा आउन अनुरोध गरिएको हो । उनले भने, 'ललितपुर, काठमाडौं र भक्तपुर जिल्लाका सेवा केन्द्रमा निक्षेपकर्ता सदस्यले जम्मा गरेका निक्षेप रकम हिनामिना भई ठगी हुन गएको भए उक्त कार्यमा संलग्न व्यक्तिउपर प्रमाणसहित ब्यूरोमा रीतपूर्वकको जाहेरी दिनहुन अनुरोध छ।'

तिहारले बढायो सुनचाँदीको कारोबार

झापा(प्रस) । तिहार नजिकिँदै गर्दा बजारमा सुनचाँदीको कारोबार बढ्न थालेको छ । चाडपर्वका बेला ग्राहकले नयाँ गहना किन्ने भएकाले पनि सुनचाँदीको कारोबार बढ्न थालेको छ । सामान्य अवस्थामा दैनिक १० किलो सुन बिक्री हुने गरेकामा अहिले २० किलोमा पुगेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । उपभोक्ताले धनतेरस र लक्ष्मीपूजामा सुनचाँदी जोडेमा वर्षभरि धन आर्जन हुने विश्वास राख्छन् । चाडपर्वको समयमा सुनसँगै चाँदीको समेत कारोबार बढ्छ ।तिहारलाई सुनभन्दा चाँदी धेरै खपत हुने चाडका रूपमा लिइन्छ । यो समयमा उपभोक्ताले पूजाआजाका लागि चाँदीको सामग्री किन्ने गर्छन् । सोही कारण पछिल्लो समय दैनिक छ सय किलो धेरै चाँदी बिक्न थालेको महासंघको भनाइ छ ।

पत्रकार दियालीले मागे उपचार सहयोग

झापा(प्रस) । इटहरीका अगुवा पत्रकार पीबी (प्रेमबहादुर) दियालीको दुवै मिर्गौलाले काम गर्न छाडेपछि उपचारका लागि सहयोगको याचना गरेका छन् ।

विगत ३ दशकदेखि पत्रकारितामा सक्रिय दियालीले दुवै मिर्गौला काम नलाग्ने अवस्था भएको र पारिवारिक अवस्था पनि नाजुक भएको भन्दै उपचारको सहयोगका लागि सरकार, सामाजिक संघ संस्था र मनकारी दाताहरूसँग याचना गरेका हुन् । 'मलाई बचाइदिनु पर्यो', ४८ वर्षीय उनले याचना गरे । लामो समयदेखि उच्च रक्तचाप र मधुमेहका बिरामी दियालीको गत वर्षदेखि मिर्गौलामा समस्या देखिएका थिए । लामो समय उच्च रक्तचाप र मधुमेहको कडा औषधि सेवनका कारण मिर्गौलाले काम गर्न छाडेको चिकित्सकलाई उद्धृत गर्दै दियालीले भने ।

दियाली लामो समयसम्म धरानबाट प्रकाशित ब्लास्ट दैनिकमा कार्यरत थिए। माओवादीनिकट भएको आरोपमा संकटकालका समयमा तीन महिना प्रहरी हिरासतमा बिताएका उनलाई ३ सय ३५ दिन नजरबन्दमा राखिएको थियो । हाल उनी गणराज्य साप्ताहिक पत्रिका र मकालु अनलाइनका प्रधान सम्पादक छन् ।

भद्रपुरमा बजार अनुगमनलाई तीव्रता

भद्रपुर(प्रस) । झापाको सदरमुकाम रहेको भद्रपुरमा बजार अनुगमनलाई तीव्रता दिइएको छ ।दशैंको सम्मुखमा विभिन्न किराना तथा मासु पसलहरुमा अनुगमन गरेको भद्रपुर नगरपालिकाले तिहार नजिकिँदै जाँदा मुख्य रुपमा मिठाइका परिकारहरु बनाइने होटलहरुको अनुगमन गरेको छ । उपप्रमुख तथा अनुगमन समितिकी संयोजक राधा कार्कीको नेतृत्वमा लगातार दुई दिन गरिएको अनुगमनका क्रममा धेरै होटलहरुबाट बासी मिठाइहरु बरामद गरिएको नगरपालिकाको राजश्व शाखा प्रमुख सुशील कर्णले जानकारी दिए । केही होटलहरुले सरसफाइमा पनि ध्यान नदिएको पाइएकोले अनुगमन टोलीले सचेत गराएको उनले जानकारी दिए । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, खाद्य तथा गुण नियन्त्रण कार्यालयका खाद्य अनुसन्धान अधिकृत सुवासचन्द्र वस्ती, गुणस्तर तथा नापतौल कार्यालयका अधिकृत अजितकुमार कर्ण, कामिन राजवंशी, झापा उद्योग वाणिज्य संघका विशिष्ट सदस्य खड्क लिम्बू नगरपालिकाको कानून शाखाका प्रमुख राजेन्द्रप्रसाद ढकाललगायतको टोलीले भद्रपुर बजारका होटलहरुको अनुगमन गरेको हो ।

अनुगमन टोलीले भद्रपुर ६ स्थित मुस्कान फुड एण्ड स्विट्स हाउस, क्वालिटी स्विट्स, विशाल खाजा घर, सोनु फास्टफुड एण्ड रेष्टुरेन्ट, कल्पना फुडल्याण्ड, रिया फास्टफुड, भद्रपुर ५ को ए वान फास्टफुड, भाउजु होटल एण्ड नेवारी खाजा घर, अंकित खाजा घर, भद्रपुर ४ को लखी होटल, ब्रदर्स बेकरी, भद्रपुर ८ को बाबा मिष्ठान्न भण्डार, भद्रपुर ७ को मनिका होटल, लक्ष्मी मिष्ठान्न भण्डार, माँ सन्तोषी मिष्ठान्न भण्डार, पशुपति होटल र भद्रपुर १० को राजवंशी होटलको अनुगमन गरेको थियो । बजारमा अनुगमनलाई निरन्तरता दिइने संयोजक कार्कीले जानकारी दिइन् ।

क्रिकेटर लामिछाने प्रकरण एक महिनाभित्र बहस नोट पेस गर्न आदेश

झापा(प्रस) । काठमाडौँ जिल्ला अदालतले बलात्कार मुद्दा खेपिरहेका क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बहस नोट एक महिनाभित्र पेस गर्न आदेश गरेको छ।

न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले बिहीवार सरकारी वकिल र सन्दीपको पक्षबाट बहस गरेका कानुन व्यवसायीलाई एक महिनाभित्र बहस नोट पेस गर्न आदेश गरेको हो। यसअघि बलात्कार मुद्दाको थुनछेक बहसमा अदालतले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो भने उच्च अदालत पाटनले २० लाख धरौटीमा थुनामुक्त गर्न आदेश दिएको थियो। सर्वोच्च अदालतले लामिछानेलाई विदेशमा हुने प्रतियोगितामा खेल्ने अनुमति दिन आदेश गरेको थियो।

ताप्लेजुङमा राति १० बजेसम्ममात्रै देउसी

ताप्लेजुङ(प्रस)। ताप्लेजुङमा राति १० बजेसम्म मात्रै देउसी, भैलो खेल्न पाइने भएको छ । जिल्ला प्रशासन कार्यालयले बुधबार सूचना जारी गर्दै आफूले खुसियाली मनाउँदा अन्य व्यक्ति, टोल, छिमेक, समुदाय र सार्वजनिक जीवनमा असर नपर्ने गरी मनाउन पनि अपिल गरेको छ । निमित्त प्रमुख जिल्ला अधिकारी टंकप्रसाद भट्टराईद्वारा जारी सूचनामा शान्ति सुरक्षा कायम गर्दै संस्कृति जगेर्ना गर्न पनि अनुरोध गरिएको छ ।

पटका आतिसबाजीजस्ता विस्फोटक तथा अति प्रज्वलनशील पदार्थको आयात, बिक्री वितरण, ओसारपसार गरे कडा कारबाही गरिने सूचनामा उल्लेख छ ।

जुवा-तासजस्ता कानुनद्वारा निषेधित कार्य नगर्न/नगराउन अपिल गर्दै प्रहरीले सुरक्षा व्यवस्था कडाइ पारेको पनि जनाइएको छ ।प्रहरी नायव उपरीक्षक राजन लिम्बूले विशेष सुरक्षा योजना लागू गरिएको बताए ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष — धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

वृष — आज शुभ कार्यको चर्चा चल्नेछ । आफन्तबाट साथ र सहयोग पाइनेछ ।

मिथुन — आज अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ । कामको गति पनि सुस्त हुनेछ ।

कर्कट — आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

सिंह — लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

कन्या — सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

तुला — आज पढाइमा बाधा आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

वृश्चिक — आज विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । रचनात्मक काममा जुट्ने समय छ ।

धनु — आज शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

मकर — आज शुभकार्यको चर्चा चल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

कुम्भ — आज राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्छ ।

मिन — आज मनोरञ्जनमा सहभागी भइएला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।